१११०-८०२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. २०२/२०७०/०७१
निर्णय नं. ८०२

जि.स.गा.वि.स. महिनाथपुर ५ बस्ने राहुलदेव यादव ..............................................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, गा.वि.स.को कार्यालय महिनाथपुर, सर्लाही ..........................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जि.स.गा.वि.स. महिनाथपुर ५ बस्ने राहुलदेव यादवले गा.वि.स.को कार्यालय महिनाथपुर, सर्लाही समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोगमा मिति २०७०।११।२७ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७०।१२।०४ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको मिति २०७०।१२।०६ च.नं ७३९ को पत्रबाट लेखी गएको । पुनः पुनरावेदकले सूचना पाईन भनी मिति २०७१।०२।१२ मा उजुरी गरेकोले आयोगको मिति २०७२।०६।१२ च.नं. १६७ को पत्रबाट गा.वि.स.को कार्यालय महिनाथपुर, सर्लाहीलाई पुनः पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।